सार्वजनिक सेवा प्रसारण नेपाल
Public Service Broadcasting Nepal

रेडियो नेपाल | नेपाल टेलिभिजन

# सार्वजनिक सेवा प्रसारण, नेपाल टेलिभिजनको एनटिभी वर्ल्ड च्यानलका लागि करार जनशक्ति आवश्यकता सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८२/०२/२०

सार्वजनिक सेवा प्रसारण, नेपाल टेलिभिजनको एनटिभी वर्ल्ड च्यानलका लागि सिफ्ट बेसिसमा कार्य गर्ने गरी जनशक्ति आवश्यक भएकोले देहाय अनुसारका पदहरुमा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ । दरखास्त फारम नेपाल टेलिभिजनको वेभसाइट www.ntv.org.np बाट प्राप्त गर्न सकिनेछ ।

**देहाय :**

आवश्यक संख्या :- अंग्रेजी समाचार वाचक/सम्पादक/प्रस्तोता/रिपोर्टर, अंग्रेजी टिजिटल क्रिएटर, दृश्य सम्पादक (ग्राफिक्स), क्यामरा पर्सन, ध्वनि नियन्त्रक र स्वीचर गरी जम्म ११ (एघार) जना ।

| क्र.स | विज्ञापन न. | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | ख०१/०८१/८२ | अंग्रेजी समाचार वाचक/ सम्पादक/प्रस्तोता/रिपोर्टर | २ जना | |
| २. | ग०१/०८१/८२ | अंग्रेजी डिजिटल कन्टेन्ट क्रिएटर | १ जना | |
| ३. | घ०१/०८१/८२ | दृश्य सम्पादक (ग्राफिक्स), | २ जना | |
| ४. | ङ०१/०८१/८२ | क्यामरा पर्सन | २ जना | |
| ५. | च०१/०८१/८२ | ध्वनि नियन्त्रक | २ जना | |
| ६. | छ०१/०८१/८२ | स्वीचर | २ जना | |

१. **न्यूनतम शैक्षिक योग्यता/अनुभव/तालिम :**

१.१ अंग्रेजी समाचार वाचक/सम्पादक/प्रस्तोता/रिपोटर्सको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट आमसञ्चार, पत्रकारिता वा मिडिया अध्ययन विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा स्नातक तह उत्तीर्ण र टेलिभिजन अंग्रेजी समाचार वाचन, सम्पादन र रिपोर्टिङ्ग/कार्यक्रम प्रस्तोताका रुपमा कम्तिमा १ वर्षको अनुभव प्राप्त गरेको ।

१.२ अंग्रेजी डिजिटल कन्टेन्ट क्रिएटरको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण र १ वर्षको कार्य अनुभव वा अन्य विषयमा स्नातक तह उत्तीर्ण र कम्तिमा २ वर्षको कार्य अनुभव र कम्तिमा १ महिनाको तालिम ।

१.३ दृश्य सम्पादक (ग्राफिक्स) को हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कुनै पनि बिषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । 2D/3D Animation को कम्तिमा ३ महिनाको तालिम र कम्तिमा १ वर्षको कार्य अनुभव ।

१.४ क्यामरा पर्सनको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कुनैपनि बिषयमा कम्तिमा १०+२ वा सो सरह उत्तीर्ण गरेको । सम्वन्धित काममा कम्तिमा १ वर्षको कार्यअनुभव ।

१.५ ध्वनि नियन्त्रकको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कुनैपनि बिषयमा कम्तिमा १०+२ वा सो सरह उत्तीर्ण गरेको र सम्बन्धित क्षेत्रमा कम्तिमा १ वर्षको कार्यानुभव ।

१.६ स्वीचरको हकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट कुनैपनि बिषयमा कम्तिमा SEE वा सो सरह उत्तीर्ण गरेको । Online Switching र Multicamera Production मा कम्तिमा १ वर्षको कार्यअनुभव ।

२. सूचीकृत आदिवासी जनजाति, महिला, मधेशी, मुस्लिम, अपाङ्गता, दलित वर्ग/समुदायका तथा पिछडिएका क्षेत्रको उम्मेद्वारलाई ग्राह्यता दिइनेछ ।

३. **उमेर हद** : सूचना प्रकाशित भएको मितिमा अंग्रेजी समाचार वाचक/सम्पादक/प्रस्तोता/रिपोर्टर, अंग्रेजी टिजिटल क्रिएटर, दृश्य सम्पादक (ग्राफिक्स)को हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । क्यामरा पर्सन, ध्वनि नियन्त्रक र स्वीचरको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । सूचीकृत आदिवासी जनजाति, महिला, मधेशी, मुस्लिम, अपाङ्गता, दलित वर्ग/समुदायका तथा पिछडिएका क्षेत्रको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । तर कुनै सरकारी निकाय वा सार्वजनिक संस्था /प्रतिष्ठानमा ३ वर्ष वा सो भन्दा बढि करार/ज्यालादरी/सेवा प्रदायक करारमा काम गरी एक वर्ष भित्र सेवाबाट अलग भएका व्यक्तिको हकमा सम्बन्धित क्षेत्रमा गरेकै प्रकृतिको काम, पद, तहको लागि उमेरहद लागू हुने छैन ।

४. **कामको किसिम :** समाचार वाचन, सम्पादन, प्रस्तोता, रिपोर्टिङ्ग (राष्ट्रिय/अन्तर्राष्ट्रिय समसामायिक बिषयहरु, राजनीति, अनुसन्धानमूलक समाचार, पर्यटन प्रर्वद्वन, संस्कृति संरक्षण, विपद र खेलकूद लगायत समाचारका लागि आवश्यक विधागत क्षेत्र), अंग्रेजी डिजिटल कन्टेन्ट क्रिएटर, कार्यक्रम छायाङ्कन, निर्माण, सम्पादन, रेकडिङ्ग, प्रसारण र प्रस्तुति एवं डिजिटल प्लेटफर्मका लागि आवश्यक कार्य आदि ।

५. **सेवाको किसिम/पारिश्रमिक :** आपसी सहमतिमा काम गरेको दिनको शिफ्ट बेसिसमा सार्वजनिक सेवा प्रसारण, नेपाल टेलिभिजनका एनटिभी वर्ल्ड च्यानलको लागि करार जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०८२ बमोजिम करार संझौता अनुसारको पारिश्रमिक पाउने छ । संझौता अवधि चालु आ.व.का लागि २०८२ असार मसान्तसम्म हुनेछ। त्यसपछि सार्वजनिक सेवा प्रसारण नेपाल

टेलिभिजनको आवश्यकता र जनशक्तिको कार्य सम्पादन मूल्याङ्कनका आधारमा करार सम्झौता अवधि थप गर्न सकिने छ ।

६. **छनोटको किसिम :** प्राप्त भएका दरखास्तलाई शैक्षिक योग्यता, समावेशिता, सम्बन्धित विषयको कार्यानुभव, तालिम, भिडियो रेकर्ड प्रस्तुतिका आधारमा प्रारम्भिक छनौट (Short List) गरी उम्मेद्वारको प्रयोगात्मक र अन्तार्वार्ता परीक्षा लिइने छ ।

७. **दरखास्त बुझाउने अन्तिम मिति र स्थान :** २०८२/२/२६ गते भित्र दरखास्त फारममा आवश्यक विवरण भरी नागरिकताको प्रमाणपत्र, पछिल्ला शैक्षिक योग्यता, तालिम, अनुभव आदिको प्रमाणपत्रका प्रतिलिपि र बढीमा २ मिनेटको भिडियो रेकर्ड प्रस्तुति, कामको प्रस्तुति वा कार्यानुभव भएकाको हकमा भिडियो लिंक सहित नेपाल टेलिभिजन केन्द्रीय कार्यालय सिंहदरवार वा सार्वजनिक सेवा प्रसारण नेपालको इमेल ठेगानाः psbntv@gmail.com मा बुझाउन सकिनेछ ।

८. प्रारम्भिक छनौट (Short List) भएका उम्मेदवारको नामावली र प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा कार्यक्रम दरखास्त दिने अन्तिम मितिले बढिमा ५ दिनभित्र नेपाल टेलिभिजनको वेभसाइट ntv.org.npमा राखिनेछ ।

९. समाचार लेखन र भाषा शैली तथा अंग्रेजी समाचारको हकमा भाषा अनुवाद परीक्षा समेत लिइने छ ।

१०. म्याद नाघी आएको र रित नपुगेका दरखास्त/आवेदन उपर कारवाही गरिने छैन ।